# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ८ मिति २०८०/०४/२७

## भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, २०८०**

**राप्ती सोनारी गाउँपालिका**

**प्रमाणीकरण मिति २०८०/०४/२७**

# छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, २०८०

**प्रस्तावना:**

राप्ती सोनारी गाउँपालिका क्षेत्रभित्र छाडा छोडिएका चौपायहरुको कारणबाट कृषकहरुले लगाएका अन्नबाली बर्षेनी नष्ट भैरहेको, छाडा छोडिएका चौपायका कारण बजार तथा राजमार्ग क्षेत्रमा दुर्घटना हुन सक्ने, खेती योग्य जमिनको बाँझोपन बढ्ने तथा परम्परागत रुपमा राष्ट्रिय जनावरका रुपमा रहेका पशुपन्छीको महत्व पनि घट्दै जान सक्ने देखिएकोले छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) मा रहेको व्यवस्था तथा प्रशासकीय कानून नियमित गर्ने ऐन, २०७९ को दफा ४ बमोजिम यो निर्देशिका बनाई लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भ:

**१) संक्षिप्त नाम र प्रारम्भ:**

१- यो निर्देशिकाको नाम "छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, २०८०" रहेको छ।

२- यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२) **परिभाषा:१-** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "ऐन"भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख) "गाउँपालिका" भन्नाले राप्ती सोनारी गाउँपालिकालाई सम्झनु पर्दछ।

ग) "कार्यपालिका" भन्नाले राप्ती सोनारी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

घ) "कार्यालय" भन्नाले गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ।

ङ) "छाडा चौपाया" भन्नाले वेवारिसे रुपमा गाउँपालिका क्षेत्रमा छाडिएका गाई, गोरु, बाच्छा, बाच्छी, घोडा,गधा,राँगा, भैसी, बंगुर, सुंगुर, भेडा, बाख्रा, खसी बोका लगायतका वेवारिसे रुपमा छाडिएका चौपायाहरुलाई सम्झनु पर्दछ।

च) "पालन क्षेत्र" भन्नाले छाडा चौपायहरुलाई व्यवस्थित रुपमा पालनका लागि गाउँपालिका क्षेत्र भित्र तोकिएको क्षेत्रलाई सम्झनु पर्दछ।

छ) "चरनक्षेत्र" भन्नाले छाडा चौपायहरुलाई व्यवस्थित रुपमा पालनका लागि गाउँपालिका क्षेत्रभित्र तोकिएको चरनयोग्य जग्गालाई सम्झनु पर्दछ।

ज) "सभा" भन्नाले गाउँपालिकाको सभालाई सम्झनु पर्दछ।

झ) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ।

ञ) "उपाध्यक्ष" भन्नाले राप्ती सोनारी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकारले प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

ठ) "वडा अध्यक्ष" भन्नाले सम्बन्धित वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्दछ।

ड) "सचिव" भन्नाले राप्ती सोनारी गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ र सो शब्दले वडाको हकमा सम्बन्धित वडा सचिवलाई सम्झनु पर्दछ।

ढ) "अनुगमन तथा समन्वय समिति" भन्नाले राप्ती सोनारी गाउँपालिकामा गठित छाडा चौपाया नियन्त्रणका लागि गठन भएको अनुगमन तथा समन्वय समितिलाई सम्झनु पर्दछ ।

ण) "गाउँपालिका क्षेत्र" भन्नाले राप्ती सोनारी गाउँपालिका क्षेत्रभित्र रहेका १ देखि ९ वडाले समेट्ने क्षेत्रलाई सम्झनु पर्दछ ।

त) "आवश्यक कार्यविधि" भन्नाले चौपाया पालन तथा व्यवस्थापन समितिलाई चाहिने आवश्यक कार्यविधि भन्ने सम्झनु पर्दछ ।

थ) "वडा समिति" भन्नाले वडामा निर्वाचित वडा सदस्यहरु रहेको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २
## छाडा चौपाय व्यवस्थापन समिति

**३) गाउँपालिका क्षेत्रमा रहेको छाडा चौपाय व्यवस्थापनका लागि देहाय बमोजिम एक पालिकास्तरीय व्यवस्थापन समिति रहनेछ । त्यस्तो व्यवस्थापन समितिमा देहाय बमोजिमका पदाधिकारी संयोजक तथा सदस्य रहने छन् ।**

क) गाउँपालिका उपाध्यक्ष - संयोजक

ख) कार्यपालिकाले तोकेका कार्यपालिकाका सदस्यहरु मध्ये २ जना – सदस्य

ग) राप्ती सोनारी गाउँपालिकामा कार्यरत कृषि सेवाको शाखा प्रमुख - सदस्य

घ) राप्ती सोनारी गाउँपालिकाका पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

व्यस्थापन समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिकाका पदाधिकारी तथा कर्मचारी र अन्य संघ संस्थाको पदाधिकारी वा बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**४) छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) छाडा चौपाय व्यवस्थापनका लागि नीति तथा योजनाको तर्जुमा गर्ने ।

ख) गाउँक्षेत्र भित्र छोडिएका छाडा चौपायहरुलाई गाउँपालिका क्षेत्रभित्र पालन तथा चरन क्षेत्र तोक्ने ।

ग) गाउँपालिका क्षेत्र भित्र पालेका घरपालुवा र छाडा चौपायहरुको तथ्याङक(लगत) संकलन गरी अध्यावधिक गर्ने र वडा समितिहरुलाई सो कार्यमा सक्रिय गराउने । वडा समितिले यो निर्देशिका लागु भएको ३ महिना भित्र आ-आफ्नो वडा भित्र रहेको पशुचौपायहरुको एकिन तथ्याङक तयार गरी वडा कार्यालयमा पेश गर्न लगाउने ।

घ) चौपायहरुको तथ्याङक (लगत) संकलन गरी घरपालुवा जनावरको दर्ता र पहिचानका लागि ट्याग(निश्चित पहिचान चिन्ह) लगाउने कार्यको व्यवस्था मिलाउने ।

ङ) समितिले छाडा पशुचौपायमा पालनका लागि लाग्ने लागत,पूर्वाधार लगायतका आवश्यकताहरुको पहिचान गरी कार्यान्वयन गराउने ।

## परिच्छेद- ३
## वडास्तरिय समिति

**५) छाडा चौपाया व्यवस्थापनका लागि देहाय बमोजिमको वडास्तरीय व्यवस्थापन समिति रहनेछ ।**

क) वडा अध्यक्ष - संयोजक

ख) वडा सदस्यहरु ४ जना - सदस्य

ग) वडाको कृषि तथा पशु प्राविधिक - सदस्य

घ) वडा सचिव - सदस्य सचिव

उपरोक्त बमोजिमको समितिको बैठकमा वडास्तरका सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**६) वडा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१) टोल विकास समिति लगायतका अन्य समिति तथा संघसंस्थाहरुसंग सहकार्य र समन्वयमा वडा भित्र रहेका सम्पुर्ण चौपायहरुको जन्म, मृत्यु, खरिद, बिक्री लगायतको आधावधिक अभिलेखको बिवरण तयार गर्ने ।

२) आफ्नो वडा भित्र रहेका छाडा छोडिएका पशुचौपायहरुलाई छोड्ने नियन्त्रण गर्ने र छाडेको चौपायहरुको व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

३) वडा भित्र छाडा छोडिएका पशु व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गाको पहिचान गर्ने ।

४) यस निर्देशिका बमोजिम गाउँपालिकास्तरमा गठित छाडा चौपाय व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्ने ।

५) वडा समितिले आ-आफ्नो वडाको घरमा पालिएका चौपायहरुको जन्म, मृत्यु, खरिद तथा बिक्रि सहितको अभिलेखिकरण तयार गरि राख्ने ।

६) अध्यावधिक भैसकेको चौपायहरु एक वडाबाट अर्को वडामा वा गाउँपालिका बाहिर अन्यत्र बिक्री वितरण वा स्थानान्तरण गर्दा अनिवार्य रुपमा वडा समितिको सिफारिस अनुसार गराउने व्यवस्था मिलाउने । यसरी वडा समितिले सिफारिस गर्दा गाउँपालिका क्षेत्र भित्र निशुल्क रुपमा गर्ने व्यवस्था मिलाउने ।

७) एक वडा बाट अर्को वडा वा गाउँपालिका क्षेत्र बाहिर चौपाया स्थानान्तरण/बिक्री बितरण भएको अभिलेखमा जनाई वडा समितिले सिफारिस गर्नुपर्नेछ ।

८) आफ्नो वडा कार्यालय बाहिरबाट आफ्नो वडामा खरिद भै आएका पशुचौपायको अध्यावधिक विवरण तयार गर्ने ।

९) वडा समितिले आवश्यक ठानेमा छाडा पशुचौपाया तथा व्यवस्थापन समितिको गठन गरि छाडा चौपाय नियन्त्रण तथा पालनको व्यवस्था मिलाउन सक्नेछ ।

१०) गाउँपालिका क्षेत्रभित्र वेवारिसे रुपमा छोडिएका चौपायहरुलाई नियन्त्रणमा लिई गाउँपालिकाबाट पालन क्षेत्र भनि तोकिएको क्षेत्रमा लाने व्यवस्था मिलाउने ।

११) गाउँपालिका बाट तोकिए बमोजिम चरन क्षेत्रमा तारवार, घेरावार गर्ने, पशु आहारका लागि चाहिने आवश्यक घाँस, डाले घाँस, रुख बिरुवाहरु लगाई उपभोगको व्यवस्था मिलाउनेछ ।

१२) चरन क्षेत्रमा चरन नभएको, नपुग हुने अवस्था र चरन नहुने मौसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नुपर्ने भएमा सो पालन गर्ने संस्था/व्यक्तिलाई आवश्यक व्यवस्था मिलाउन सहयोग गर्ने ।

१३) छाडा चौपायको पालन तथा व्यवस्थापनका लागि चाहिने आवश्यक जनशक्ति पालना गर्ने संस्था वा व्यक्तिले दुई पक्षीय सम्झौता बमोजिम व्यवस्था मिलाउनेछ । तर गाउँपालिकाले आफै व्यवस्था गर्नुपर्ने भएमा चाहिने जनशक्ति करारमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१४) गाउँपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा वडा समितिबाट तोकि जिम्मेवारी पाएको सदस्यले सो छाडा पशुचौपायहरुको रेखदेख र पालना गर्ने जनशक्तिलाई पसरिचालन गर्नु पर्नेछ ।

१५) गाउँपालिका आफै व्यवस्थापन गर्नुपर्ने अवस्थामा गाउँपालिकामा जनशक्ति उपलब्ध भएको अवस्थामा सोहि स्तरको उपलब्द जनशक्तिलाई पनि उपयोग गर्न सक्नेछ ।

१६) पालन क्षेत्रमा पालिएका चौपायहरु तथा चौपायहरुबाट उत्पादित चिजबस्तु बिक्रि वितरण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१७) छाडा पशु चौपायाको व्यवस्थापन गर्न आवश्यक पर्ने गौशाला निर्माणका लागि सार्वजनिक सरकारी वन, प्रति ऐलानी जमिन, सामुदायिक वन, खोला नदी किनार, तटिय क्षेत्र आदि खोजि व्यवस्थापन गर्ने सो हुन नसकेमा जमिन भाडामा लिई गाउँपालिकाले त्यसको व्यवस्थापन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## **परिच्छेद–४**
## **गौशाला व्यवस्थापन समिति**

**७) गाउँपालिका क्षेत्रमा छाडा छोडिएका पशु चौपायाको व्यवस्थापन गर्न एक गौशाला व्यवस्थापन समिति हुनेछ ।**

| | |
|---|---|
| (क) अध्यक्ष | – १ जना |
| (ख) कोषाध्यक्ष | – १ जना |
| (ग) सचिव | – १ जना |
| (घ) सदस्यहरु | – ४ जना |

**८) गौशाला व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

(क) पशु चौपायाहरुको दैनिक रेखदेख गर्ने,

(ख) तोकिएको चरन क्षेत्रमा चरन गराउने,

(ग) उपलब्ध गराईएको पशु आहारको व्यवस्थापन गर्ने,

(घ) पशु स्वास्थ्य सम्बन्धी समस्या देखा परेमा वडा पशु सेवा एकाई वा केन्द्रमा जानकारी गराउने,

(ङ) गौशालामा कार्यरत कर्मचारीहरुको कार्यविवरण अनुरुप कामकाजमा खटाउने,

(च) गाउँपालिकाबाट तोकिए बमोजिम चरन क्षेत्र गौशाला क्षेत्रमा तारबार, घेरावार गर्ने, पशु आहारका लागि आवश्यक घाँस, डाले घाँस रुख विरुवाहरु लगाई उपभोगको व्यवस्था मिलाउने,

(छ) चरन क्षेत्र गौशालामा चरन नभएको नपुग हुने अवस्था र चरन नहुने मौसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नु पर्ने भएमा सो पालन गर्ने संस्था÷व्यक्तिलाई आवश्यक व्यवस्था मिलाउन सहयोग गर्ने,

(ज) छाडा चौपायाको पालन तथा व्यवस्थापनका लागि चाहिने आवश्यक जनशक्ति पालन गर्ने संस्था वा व्यक्तिले दुई पक्षीय सम्झौता बमोजिम व्यवस्था मिलाउने तर गाउँपालिकाले आफै व्यवस्था गर्नु पर्ने भएमा चाहिने जनशक्ति राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(झ) गाउँपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा वडा समिति बाट तोकी जिम्मेवारी पाएको सदस्यले सो छाडा पशु चौपायाहरुको रेखदेख र पालन गर्ने जनशक्तिलाई परिचालन गर्नु पर्ने,

(ञ) गाउँपालिका आफै व्यवस्थापन गर्नु पर्ने अवस्थामा गाउँ पालिकामा जनशक्ति उपलब्ध भएको अवस्थामा सोही स्तरको उपलब्ध जनशक्तिलाई पनि उपयोग गर्न सक्ने,

(ट) पालन क्षेत्रमा पालिएका चौपायाहरु तथा चौपायाहरुबाट उत्पादित चिजबस्तु विक्री वितरण गाउँपालिकाले तोके बमोजिम हुनु पर्ने ।

(ठ) छाडा पशु चौपायाको व्यवस्थापन गर्न आवश्यक पर्ने गौशाला निर्माणका लागि सार्वजनिक, सरकारी वन, पर्ती जमिन, सामुदायिक वन, खोला नदी किनार, तटीय क्षेत्र आदि खोजी व्यवस्थापन गर्ने सो हुन नसकेमा जमिन भाडामा लिई गाउँपालिकाले त्यसको व्यवस्थापन गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने,

(च) तोकिएको अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद–५
## कर्मचारी सम्बन्धी व्यवस्था

**९) कर्मचारी सम्बन्धमाः** गौशाला व्यवस्थापनका लागि आवश्यक कर्मचारी गौशला आफैले व्यवस्था गर्नेछ । सो कार्यका लागि गाँउपालिकाले प्रचलित कानूनको अधिनमा रही अनुदान उपलब्ध गराउन  सक्नेछ । तर अनुदान प्राप्त गर्न त्यस्तो गौशला प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ ।

**१०) कर्मचारीको सेवा सुविधा सम्बन्धी व्यवस्थाः** कर्मचारीहरुको सेवा सुविधा गौशला व्यवस्थापन समिति र कर्मचारी बीच भएको आपसी संझौता बमोजिम हुनेछ।

**परिच्छेद- ६**

**पशु धनीको काम,कर्तव्य र अधिकार**

**११) पशु धनीको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) आफ्नो घरमा पालेको घरपालुवा जनावरको पालन पोषण गर्ने/गराउने।

ख) आफ्नो घरमा पालेका पशु चौपायाको जन्म, मृत्यु, बिक्री वितरणको विवरण नियमित रुपमा वडा समितिमा उपलब्ध गराउने।

ग) आफु बसोवास गरेको वडा बाहेक अन्यत्र स्थानबाट पशु चौपायाहरु खरिद गर्दा वडा समितिको अनुमति लिएर मात्र गर्ने।

घ) वडा भित्र रहेका छाडा पशुचौपायाको व्यवस्थापनका लागि वडा कार्यालयलाई आवश्यक सहयोग गर्ने/गराउने।

ङ) कसैले आफ्नो वडा भित्र रहेको पशु छाडा छोडेमा त्यसको जानकारी वडा समितिलाई दिने।

च) प्रत्येक पशु चौपायहरुको पहिचानको लागि शिल ट्याग लगाउनु पर्ने।

**परिच्छेद- ७**

**व्यवस्थापनका लागि आर्थिक व्यवस्था**

**१२) पशु चौपाया व्यवस्थापनका लागि आवश्यक पर्ने रकमको व्यवस्था देहाय बमोजिम हुनेछ।**

क) स्थानीय संस्था/व्यक्तिसंग साझेदारी गरि व्यवस्थापन हुने हकमा सम्झौता बमोजिम हुनेछ।

ख) गाउँपालिकाले आफ्नै व्यवस्थामा पशुपालन गरि व्यव्स्थापन गर्नु पर्ने अवस्थामा छाडा पशुचौपाया व्यवस्थापनका लागि आवश्यक हेरालु, गौशालाको निर्माण, मर्मत र घाँस पराल समेतको लागि आवश्यक पर्ने रकम गाउँ सभावाट रकम बिनियोजन गर्नुपर्नेछ।

ग) पशु सेवा प्राविधिकहरुबाट ट्याग (पहिचान चिन्ह) लगाउने र लगत संकलन बापतको पारिश्रमिक प्रति पशु रु.२० रुपैयाका दरले पारिश्रमिकका लागि बजेट गाउँपालिकाले व्यवस्थापन गर्नु पर्नेछ।

घ) पशुहरुको कानमा लगाउने ट्याग(पहिचान चिन्ह) खरिदका लागि गाउँ कार्यपालिका बाट बजेट बिनियोजन गर्नु पर्नेछ।

**परिच्छेद- ८**

**दण्ड जरिवाना सम्बन्धी व्यवस्था**

**१३) यस कार्यविधि बमोजिम कसैले छाडा पशु छाडेमा वा व्यवस्थापनको कार्यमा असहयोग गरेमा देहाय बमोजिमको दण्ड जरिवाना गरिनेछः**

क) पशु धनी कसैले पनि पशुचौपाया छोडी वा लापरबाहि गरी कसैको खेतिपाती वा अन्य बालिनाली हानी नोक्सानी भएमा क्षतिको एकिन गरी सम्बन्धित पशुधनीबाट वडा समितिले क्षतिपुर्ति भराई दण्ड सजाय गर्न सक्नेछ।

ख) कुनै पशुधनीले पालन गर्दै आएका पशुपन्छी छाडा छाडेमा पहिलो पटक प्रति पशु तपसिल अनुसारको दरले जरिवाना गरिनेछ।

१) ठुला पशु(गाई,भैसी,गोरु,राँगा,घोडा वा अन्य) प्रति पशु – रु.५०००।

२) साना पशु (भेडा,बाख्रा,खसी,बोका,सुगुर,बंगुर वा अन्य) प्रति पशु - रु.३०००।

ग) गाउँपालिका सीमामा जोडिएका वा अन्य क्षेत्रबाट कसैले पशु छोडेमा सम्बन्धित गाउँपालिका/नगरपालिकासंग समन्वय गरी सम्बन्धित पशुधनीबाट असुल उपर गरिनेछ।

घ) गाउँपालिका क्षेत्रभित्र कसैले छाडा चौपाया छोडेको जानकारी वडा कार्यालय वा गाउँपालिकालाई दिएमा सम्बन्धित सूचकलाई सूचना बमोजिमको उठेको जरिवाना रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरुप उपलब्ध गराईनेछ।

ङ) परम्परागत मूल्य र मान्यता, धार्मिक तथा सांस्कृतिक आधारमा पशुचौपायहरुको अवहेलना हुने गरी कसैले छाडा छोडेमा त्यस्तो पशुधनीलाई दोश्रो पटक गाउँपालिका वा वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा सुबिधाबाट बन्चित गरिनेछ।

**परिच्छेद- ९**

## विविध

१४) **निर्देशिका संशोधन सम्बन्धि व्यवस्था:** निर्देशिका संशोधन गर्नुपर्ने आवश्यक भएमा छाडा चौपाया व्यवस्थापन समितिले निर्णय गरी गाउँ कार्यपालिका समक्ष पेश गरेमा गाउँकार्यपालिकाबाट आवश्यक संशोधन हुनेछ।

१५) **विविध**:

क) छाडा पशु व्यवस्थापनका लागि हेरालु राख्ने व्यवस्था गाउँपालिकाले मिलाउनेछ।

ख) यस निर्देशिका बमोजिम छाडा पशु व्यवस्थापनका लागि उपर्युक्त सार्वजनिक जग्गा नपाएमा निजी स्वामित्वको जग्गामा सम्झौता गरी व्यवस्थापन गर्न सकिनेछ।

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत